## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

**बैठक संख्या-१**

मिति :- २०८२/०९/०४ गते

आज मिति २०८२ साल पौष ४ गते शुक्रबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति: सुष्मा सापकोटा प्रा.नि

CamScanner

## मोदी गाउँपालिका, गाउँ कार्यपालिका
## बैठक मिति २०८२/०९/०४ गतेको निर्णय

**निर्णय नं.१**

कार्यपालिकाको मिति २०८२ मंसिर ५ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२**

चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत सरकारी, गैरसरकारी तथा सामुदायिक संघ, संस्था सँग ५० प्रतिशत साझेदारीमा कार्यक्रम संचालनको लागी उत्पादन, उत्पादकत्व अभिबृद्धि गर्ने, ग्रामिण क्षेत्रमा उद्यमशिलता विकास गर्ने, आयआर्जन तथा रोजगारी सृजना गर्ने तथा मोदी गाउँपालिकाको प्राथमिकता प्राप्त कृषि तथा पर्यापर्यटकिय पूर्वाधार निर्माण तर्फ कार्यक्रम संचालन सम्वन्धमा प्रस्ताव आव्हान गर्ने ।

**निर्णय नं.३**

मोदी गाउँपालिकाको आ.व. २०८१/०८२ को लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको लागि सार्वजनिक खरिद सम्वन्धी प्रचलित ऐन नियमवलीको अधिनमा रहि आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.४**

मोदी गाउँपालिकाको १८औं (हिउँदे अधिवेशन) मिति २०८२ पौष २९ गते मंगलबारका दिन आव्हान गर्ने ।

**निर्णय नं.५**

मोदी गाउँपालिकाको विद्यमान खर्चको मापदण्ड २०७८ लाई खारेज गरी संघिय तथा प्रदेश सरकारको खर्चको मापदण्ड सँग तादाम्यता हुने गरी खर्च मापदण्डको संशोधित मस्यौदा विधायन समितिमा आवश्यक छलफल गरी परिमार्जन सहित मोदी गाउँपालिकाको १८ औं सभामा निर्णयार्थ पेश गर्ने ।

**निर्णय नं.६**

चालु आ.व. २०८२।०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मोदी गाउँपालिका भित्र वन, वनस्पती, कृषी, पर्यटन, विपद व्यवस्थापन, उद्यमशिलता विकास तर्फ अध्यन अनुसन्धान गर्न चाहने विश्वविद्यालयमा अध्यनरत शोधार्थी विद्यार्थीहरु तथा अनुसन्धानकर्ताहरुबाट प्रस्ताव आव्हान गर्ने

पुरी
प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं ७

चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेटमा उल्लेखित **"सामुदायिक माध्यमिक विद्यालयहरुमा लोक संस्कृती नयाँ पुस्तामा पुस्तान्तरण कार्यक्रम"** संचालनको लागि मोदी गाउँपालिका भित्रका गुरुङ तथा मगर समुदायको लोक संस्कृती, लोक नृत्य, ब्राम्हण /क्षेत्री समुदायको लोक भजन, दलित समुदायमा प्रचलित पञ्चेबाजा जस्ता लोक संस्कृती सम्बन्धी ज्ञान एवं दक्षता भएका गाउँपालिका भित्रका सर्जकहरु सुचीकृत गरी सामुदायिक माध्यमिक विद्यालयहरुमा तालिका अनुसार गायन, वाद्यवादन, नृत्यको प्रशिक्षकको रुपमा परिचालन गर्ने ।

निर्णय नं ८

चालु आ.व. २०८२।०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ५० वर्षभन्दा माथीको एकल बेसाहारा अविवाहित महिला/ पुरुष जीवन निर्वाह भत्ता वितरण कार्यक्रम संचालनको लागि उक्त भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरुको तथ्यांक संकलन गर्ने र संघिय तथा प्रदेश सरकारको अन्य कुनै पनि सामाजिक सुरक्षामा नसमेटिएका अपांगता भएका, दिर्घरोगी, गरिव, सिमान्तकृत तथा दलित समुदायका व्यक्तिहरुलाई प्रतिमहिना रु १०००।- को दरले जीवन निर्वाह भत्ता उपलब्ध गराउने ।

निर्णय नं ९

चालु आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"सामुदायिक वन उपभोक्ता समुह सँगको साझेदारीमा एक सामुदायिक वन एक पोखरी निर्माण"** कार्यक्रम संचालनको लागि सामुदायिक वन उपभोक्ता समुह सँग कम्तिमा पचास प्रतिशत लागत साझेदारी गर्ने गरी प्रस्ताव आव्हान गर्ने ।

निर्णय नं १०

चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत समुदाय, टोल सुधार समिति सँग लागत साझेदारीमा पूर्वाधार निर्माण तथा विविध कार्यक्रम संचालन गर्नको लागि समुदायिक हित, महिला सशक्तीकरण, उद्यमशिलता विकास तथा आय आर्जन एवं जीविकोपार्जनमा सकारात्मक योगदान पुर्याउने खालका पूर्वाधार निर्माण तथा कार्यक्रम संचालन गर्न मोदी गाउँपालिका सँग कम्तिमा पचास प्रतिशत (५०%) लागत साझेदारी गर्ने गरी कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आव्हान गर्ने ।

निर्णय नं ११

चालु आ. व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"उज्यालो मोदी"** कार्यक्रमको लागि लागत साझेदारीमा धौलागिरी प्रवेशद्धार देखि अम्बोट सम्म सडकबत्ती जडान गर्ने कार्यक्रमको लागि मोदी गाउँपालिका भित्रका जलविद्युत आयोजनाहरु सँग लागत साझेदारी गर्ने।

[illegible] पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं १२

मोदी गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी कास्की शाखा विच मिति २०८१/०९/०५ गते भएको सम्झौता बमोजिम मोदी गाउँपालिका वडा नं ६ ठानामा संचालित "ठाना खानेपानी तथा सरसफाई परियोजनामा" सम्झौता बमोजिम मोदी गाउँपालिकाले सहलगानी वापत व्यहोर्नुपर्ने कुल रकम रु. २४,९६,१२९।- (अक्षरेपी रु चौविस लाख छयानब्बे हजार एक सय उनान्तीस मात्र) मध्ये गत आ.व. २०८१/०८२ मा रु. १०,००,०००।-(अक्षरेपी रु दश लाख मात्र) भुक्तानी भई बाँकी रु १४,९०,७४३।-(अक्षरेपी रु चौध लाख नब्वे हजार सात सय त्रिचालिस मात्र) परियोजनाको कार्यसम्पन्न प्रतिवेदन, अन्तिम बिल, कार्य स्वीकार प्रतिवेदन, अनुगमन समितिको प्रतिवेदन, बिल भर्पाई लगायत परियोजना सँग सम्बन्धित अन्य अत्यावश्यक कागजत समेत कार्यालयमा अभिलेख राखी बजेट पुस्तिकाको क्र.सं. १३६, खर्च शिर्षक नं ३११५९ (निर्माण सम्पन्न हुन बाँकी चालु योजनाहरुको भुक्तानी) वाट सम्झौताको प्रथम पक्ष भनिने नेपाल रेडक्रम सोसाईटी कास्की जिल्ला शाखालाई भुक्तानी दिने ।

निर्णय नं १३

मोदी गाउँपालिका वडा नं ४ स्थित क्याङ शिखर युवा क्लवको भवन लगायतका संरचनामा पहिरोको जोखिम उच्च भएको हुँदा उक्त पहिरोको व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ५०००००।-(अक्षरेपी रु पाँच लाख मात्र) स्रोत सुनिश्चित गर्ने ।

निर्णय नं १४

मोदी गाउँपालिका क्षेत्र भित्रका नदी, खोला र खहरेमा आएको बाढी तथा पहिरोका कारणले कुनै व्यक्ति विशेषको नाममा दर्ता पुर्जा वा श्रेस्ता कायम रहेको निजी जग्गामा थुप्रिएको नदीजन्य निर्माण सामग्री र माटोजन्य पदार्थ उत्खनन गर्न सम्बन्धित वडा एवं स्थानिय विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएका क्षेत्रमा मोदी गाउँपालिकाको नदीजन्य निर्माण सामग्री उत्खनन उपयोग तथा बिक्री वितरण सम्बन्धी प्रचलित कार्यविधिको अधिनमा रहि मोदी गाउँपालिकाको आर्थिक ऐन एवं गण्डकी प्रदेश सरकारको आर्थिक ऐन बमोजिमको शुल्क गाउँपालिकामा दाखिला गर्न लगाई प्रचलित कानुन बमोजिमको विधि प्रक्रिया पुरा गरी उत्खननको लागी अनुमति प्रदान गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं १५

आ.व. २०८३/०८४ को संघिय तथा प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको लागि देहाय बमोजिम प्राथमिकिकरण गर्ने र प्राथमिकताक्रम अनुसारका योजना तथा कार्यक्रम माग गरी संघिय राष्ट्रिय योजना आयोग तथा गण्डकी प्रदेश योजना आयोगमा पठाउने ।

| क सं | योजना /आयोजना/ कार्यक्रमको नाम | योजना/ आयोजना /कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | मख- देउपुर- ठुलीपोखरी -पुर्णगाउँ- लाङदी -घुरुङ्गा सडक स्तरोन्नती | वडा नं २ र ३ | |
| २ | जायगाउँ- थार्मजुङ- तिलाहार- गिज्यान- गाडतारा सडक स्तरोन्नती | वडा नं ६ | |
| ३ | पातिचौर-टिमुरे-क्याङ-सडक स्तरोन्नती | वडा नं २, ३,४ र ५ | |
| ४ | मोदी ल्याण्डफिल साईट तथा फोहोर प्रशोधन केन्द्र निर्माण | वडा नं २ ५ र ६ मा पर्ने उपर्युक्त स्थान | |
| ५ | गाउँपालिका स्तरिय खेलमैदान (नवजागृत क्याम्पसको खेलमैदान) निर्माण तथा स्तरोन्नती | वडा नं ६ | |
| ६ | शैक्षिक विकासको लागी सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम | सम्पुर्ण माध्यमिक विद्यालयहरु | |
| ७ | नयाँपुल मोहरिया लप्सीबोट माटे हम्पाल पर्यटकिय पदमार्ग स्तरोन्नती | वडा नं १ २ र ४ | |
| ८ | बाजुङ बृहत सिंचाई योजना | वडा नं ५ | |
| ९ | बर्थिङ सेन्टर तला थप योजना | वडा नं ६ | |
| १० | कृषी उपज संकलन तथा बिक्री केन्द्र स्थापना | वडा नं २, ५, ६ को उपर्युक्त स्थान | |
| १० | नव जागृत माध्यमिक विद्यालयमा अधुरो छात्रावास भवन निर्माण | मोदी ६ | |
| | | | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं १६

मोदी गाउँपालिका र युएनडिपी नेपाल सँगको सहकार्यमा संचालित Socio Economic Vulnerability Information Management System को लागी आवश्यक तथ्यांक संकलनमा खटाईएका पोखरा विश्वविद्यालयका विद्यार्थीहरुलाई मोदी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसारको पारिश्रमिक पोखरा विश्वविद्यालयको बैक खातामा तथा तथ्यांक संकलनमा खटिएका मोदी गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक तथा अन्य गणकहरुलाई आवश्यक कागजात प्रमाण तथा कार्यसम्पादन गरेको प्रमाणको आधारमा व्यक्तिगत रुपमा भुक्तानी दिने साथै चालु आ.व. २०८२।०८३ को स्वीकृत बजेट शिर्षक नं २२४१९ (तथ्यांक व्यवस्थापन तथा गणकहरुलाई पारिश्रमिक) बाट प्रशिक्षार्थी गणकहरुको वास, खाजा खाना वापतको रकम समेत भुक्तानी गर्ने ।

निर्णय नं १७

मोदी गाउँपालिकाको योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा उपभोक्ता समितिहरुको परिचालनवाट गरिने विकास निर्माण लगायतका कार्यहरु गराउँदा प्राविधिकहरुवाट तयार गरिने लागत अनुमान, नापी किताव, अन्तिम बिल लगायतका प्राविधिक कागजातहरु उपभोक्ता समितिका पदाधिकारीहरुलाई बुझ्न सरल हुनेगरी अनिवार्य रुपमा नेपाली माध्यममा तयार गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने।

निर्णय नं १८

चालु आ.व. २०८२/०८३ को गण्डकी प्रदेश सरकारबाट विशेष अनुदान वापत् हस्तान्तरित बजेट रु ४000000।- (अक्षरेपी रु चालिस लाख) अन्तर्गत पातिचौर कोल्डरुम निर्माण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाको नाममा प्राप्त गर्न बाँकी जग्गा प्रचलित कानुन बमोजिम प्राप्त गरी योजना कार्यान्वयनको प्रक्रिया अगाडी वढाउने ।

निर्णय नं १९

मोदी गाउँपालिका वडा नं ४ स्थित लेस्पार माध्यमिक विद्यालयको छाना मर्मतको लागि वडा नं ४ बाट विनियोजित (खर्च शिर्षक नं ३१११३ लेस्पार मा. वि. छाना मर्मत संभार) बजेट रु २५0000।-(अक्षरेपी रु दुई लाख पचास हजार) मा प्राविधिक लागत अनुमान बमोजिम नपुग हुने रु २00000।-(अक्षरेपी रु दुई लाख) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद उपशाखा अन्तर्गत संचालन हुने योजना तथा कार्यक्रमको विनियोजित "विद्यालयको भौतिक संरचना मर्मत सम्भार फर्निचर तथा सौन्दर्यीकरण" शिर्षकमा विनियोजित बजेटबाट खर्च व्यहोर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं २०

जायगाउँ- थामर्जुङ- तिलाहार- गिज्यान- गाडातारा सडकको मोदी गाउँपालिका वडा नं ६ स्थित गिज्यान गाडतारा खण्डको सडक वर्षा यामको बाढीले ट्र्याक बगाएको र उक्त सडकमा सवारी साधन संचालन गर्न जटिलता सृजना भएको हुँदा उक्त सडक मर्मत सम्भार गरी संचालन गर्न प्राविधिक लागत अनुमान बमोजिमको रु ५०,०००। -(अक्षरेपी रु पचास हजार मात्र) विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

निर्णय नं २१

विभिन्न विपदजन्य घटना तथा मानव वन्यजन्तु द्वन्दको कारण क्षति पुगेका र आर्थिक रुपले विपन्न तपशिल बमोजिमका नागरिकहरुलाई मोदी गाउँकार्यपालिकाको कार्यालयबाट प्रदान गरिएको आर्थिक सहायता तथा राहत बापतको रकम खर्चको अनुमोदन गर्ने ।

| क सं | नामथर | ठेगाना | प्रदान गरिएको आर्थिक सहायता तथा क्षतिपूर्ति बापतको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मन कुमारी दर्जि | मोदी १ भुकताङ्ले | रु ८०००।– (अक्षरेपी रु आठ हजार मात्र) | बाघले भैंसी खाएको हुँदा राहत स्वरुप उपलब्ध गराइएको । |
| २ | श्री लक्ष्मी वि क | मोदी ४ क्याङ | रु ५०००।–(अक्षरेपी रु पाँच हजार मात्र ) | आगोलागीबाट घर र घरका सामानहरुमा क्षति पुगेको । |
| ३ | श्री ईश्वर बहादुर गुरुङ | मोदी ६ तिलाहार | रु १००००।– (अक्षरेपी रु दश हजार मात्र) | कलेजोको रोगबाट ग्रस्त भई उपचाररत रहेको। |

निर्णय नं २२

मोदी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको मस्यौदा विधायन समितिमा आवश्यक छलफल गरी ऐन मस्यौदा मोदी गाउँपालिकाको १८औं सभामा निर्णयार्थ पेश गर्ने ।

निर्णय नं २३

जिल्ला हुलाक कार्यालय सँग समन्वय गरी मोदी गाउँपालिका वडा नं ६ गिज्यानमा रहेको साविकमा अतिरिक्त हुलाक कार्यालय रहेको भवनलाई आवश्यक मर्मत सम्भार गरी सामुदायिक प्रयोजनको लागि प्रयोग गर्ने ।

**निर्णय नं २४**

विद्यालय समयमा मादक पदार्थ सेवन गरी प्रचलित कानुनको वर्खिलाप हुनेगरी विद्यालय आउने शिक्षकहरुलाई कानुन बमोजिमको कारवाही प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं २५**

प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन नगर्ने विद्यालयहरुलाई यथाशिघ्र विद्यालय व्यवस्थापन समिति गठन गरी सोको जानकारी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद उपशाखामा जानकारी गराउन विद्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं २६**

मोदी गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रत्येक हप्ताको शुक्रवार विद्यार्थीरुलाई अतिरिक्त क्रियाकलापहरु तथा सामाजिक एवं जीवन उपयोगी ज्ञान सिप आचरण अभिवृद्धि गर्न विभिन्न क्रियाकलापहरुमा सहभागी गराउने गरी बुक फ्रि फ्राईडे कार्यक्रम संचालन गर्न सम्पुर्ण विद्यालयहरुलाई निर्देशन दिने र सोको नियमित अनुगमन गर्ने ।

**निर्णय नं २७**

चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यम्रम तथा बजेट संचालनको लागि मोदी गाउँपालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा खेलकुद विकास र खेलुकद गतिबिधिहरुमा विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न जिल्ला खेलकुद विकास समिति सँग सहकार्य एवं स्थानिय स्तरमा उपलब्ध ख्याती प्राप्त राष्ट्रिय तथा पूर्व क्षेत्रिय खेलाडीहरु परिचलन गरी साप्तहित रुपमा माध्यममिक विद्यालयहरुमा विभिन्न खेलकुद स्पर्धा सँग सम्बन्धित खेलकुद प्रशिक्षक परिचालन गर्ने साथै नृत्य विधामा विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका लागि माध्यमिक तथा आधारभूत विद्यालयहरुमा नृत्य प्रशिक्षणको लागि मोदी गाउँपालिका वडा नं २ स्थित शिव आधारभूत विद्यालयमा कार्यरत शिक्षिका श्री लक्ष्मी पुन मगरलाई नृत्य प्रशिक्षकको रुपमा परिचालन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०९/२८ गते

आज मिति २०८२ साल पौष २८ गते सोमबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | 2082/09/28 | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी बि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

(१) लेखा अधिकृत तेजुराम सुनार

(२) सहायक लेखा अधिकृत प्रेम पराजुली

CamScanner

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०९/२८ गतेको निर्णय

**निर्णय नं.१**

कार्यपालिकाको मिति २०८२ पौष ४ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं २**

मोदी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०८२ को मस्यौदा १८ औं गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ३**

मोदी गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययीता तथा प्रभावकारिता कायम गर्ने सम्वन्धी मापदण्ड २०८२ स्वीकृत गर्ने तथा सोको अनुमोदनका लागी १८ औं गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ४**

विनियोजन ऐन २०८२ को संशोधनको मस्यौदा प्रस्ताव १८ औ गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ५**

आर्थिक ऐन २०८२ को संशोधन मस्यौदा प्रस्ताव १८ औं गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ६**

कर्मचारीहरुको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने तथा सोको अनुमोदनका लागी गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ७**

मोदी गाउँपालिकामा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने तथा सोको अनुमोदनका लागी गाउँसभामा पेश गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं ८

मोदी गाउँपालिकाको प्रशासकीय भवनको आ.व. २०८०/०८१ मा स्वीकृत अन्तिम बिल बमोजिमको बाँकी रकम भुक्तानी सार्वजनिक खरिद ऐन नियमावलीको अधिनमा रहि प्रचलित कानुन बमोजिमको विधि प्रक्रिया अवलम्वन गरी चालु आ.व. २०८२/०८३ को लागी स्वीकृत वार्षिक बजेटमा विनियोजित खर्च शिर्षकबाट सम्बन्धित निर्माण व्यावसायीलाई भुक्तानी गर्ने सम्बन्धी प्रस्ताव आवश्यक निर्णयार्थ १८ औं गाउँसभामा पेश गर्ने।

निर्णय नं ९

मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वा मातहतका निकायमा कार्यरत सेवा करारमा कार्यरत तथा संघिय एवं प्रदेश सरकार अन्तर्गतका कार्यक्रम बमोजिमका कर्मचारीहरुको सेवा करार सम्झौता २०८३ असार मसान्त सम्मको लागी नविकरण गर्ने सम्बन्धी प्रस्ताव आवश्यक निर्णयको लागी १८ औं गाउँसभामा पेश गर्ने ।

निर्णय नं १०

चालु आ.व. २०८२/०८३ को लागी गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममको संशोधन, रकमान्तर तथा स्रोतान्तर गर्ने सम्बन्धी प्रस्ताव स्वीकृतीको लागी १८ औं गाउँसभामा पेश गर्ने ।

निर्णय नं ११

मोदी गाउँपालिका वडा नं ६ स्थित तिलाहार, रतिखोला, दराक हुँदै चित्रे तथा राम्जा जाने सडक खण्ड अन्तर्गत रतिखोलाको मोटरेवल पुल सम्म तथा रतिखोलाको मोटरेवल पुल देखि लिदी खोलाको पुल सम्मको कच्ची सडकको स्तरोन्नतीको लागी पूर्वाधार विकास कार्यालय पर्वतलाई लेखि पठाउने।

निर्णय नं १२

मोदी गाउँपालिकाको विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधयेक २०८२ को मस्यौदा १८ औं गाउँसभामा पेश गर्ने ।

पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं १३

मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा संघिय समपुरक अनुदान अन्तर्गत निर्माणाधिन कुश्मा न.पा ११ गैंगटे गोतामेथर राँपु आर्थर हुँदै स्याङजा सम्मको सडकको २०८२ असार मसान्त सम्मको भौतिक प्रगति जम्मा ४६.८ प्रतिशत रहेको हुँदा उक्त योजनालाई सम्पन्न गर्न मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बाट सार्वजनिक खरिद ऐन नियावमली बमोजिम थप भएको अवधिमा समेत निर्माण कम्पनीबाट अपेक्षित भौतिक प्रगति हासिल नभएकाले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी हालसम्म भएको कामकाजको प्राविधिक नापजाँच मुल्यांकन गरी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४को अधिनमा रहि उक्त निर्माण कम्पनी सँगको सम्झौता अन्त्य गरी नयाँ ठेक्का आव्हान गर्ने ।

निर्णय नं १४

मोदी गाउँपालिका वडा नं ८ चित्रे निवासी श्री दुर्गादत्त जैसी शर्माको छोरा बाबुराम शर्मालि घरमा पालेको बाखा मिति २०८२/०८/०६ गते बाघले आक्रमण गरी मारी खाएको र निजको आर्थिक अवस्था कमजोर भएकोले राहत तथा आर्थिक सहयोगको लागी वडा समितिको मिति २०८२/०८/२१ निर्णय समेतको आधारमा निज बाबुराम शर्मालाई राहत तथा आर्थिक सहायता स्वरुप रु १००००।- (अक्षरेपी रु दश हजार मात्र ) सम्बन्धित वडा कार्यालयको लागी विनियोजित बजेटबाट भुक्तानी दिने र थप सहायताको लागी सम्बन्धित निकायमा लेखि पठाउने।

निर्णय नं १५

मोदी गाउँपालिका वडा नं ०७ को वडा सदस्य श्री खेमलाल पौडेल खेतमा रोपाई लगायतका काम गर्ने क्रममा मिनिटेलर दुर्घटनामा परी घाईते भई पोखरा स्थित मनिपाल अस्पतालमा उपचार गराउनु भएको हुँदा निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाई आर्थिक सहायता प्रदान गर्न मोदी गाउँपालिका वडा नं ७ को मिति २०८२/०४/०२ को वडा समितिबाट भएको निर्णय समेतको आधारमा निजलाई वडा नं ७ को लागी विनियोजित सम्बन्धित खर्च शिर्षकबाट रु.२००००।- (अक्षरेपी रु वीस हजार मात्र) भुक्तानी दिने ।

बाबुराम पुरी
प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं १६

मोदी गाउँपालिका भित्रका विभिन्न स्थानमा विद्युत प्रसारण लाईनहरुको नजिक रहेका रुख विरुवाहरुको कारण जोखिम सृजना भएका स्थानमा रहेका रुखहरु कटान गर्न विद्युत वितरण केन्द्र पर्वत सँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाउन जिल्ला वन कार्यालय पर्वतमा लेखि पठाउने।

निर्णय नं १७

गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएको डिजिटल स्मार्ट कृषी प्रणाली विकास परियोजनाको लागी मोदी गाउँपालिकाको तर्फवाट सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत श्री बावुराम पुरी लाई अख्तियारी प्रदान गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष